नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
ओखलढुङ्गा

Website: daookhaldhunga.moha.gov.np
Email : daookhaldhunga@gmail.com

प्र.जि.अ.:- ०३७ - ५२०१३३
स.प्र.जि.अ.:- ०३७ - ५२०१३१
प्रशासन:- ०३७ - ५२०१३२
फ्याक्स:- ०३७ - ५२०१८२
हटलाईन- ०३७ - ५२०७३३

पत्र संख्या. २०७७/०७८
चलानी नं.-

मितिः २०७८/०२/३१

## ओखलढुङ्गा जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश ।

विश्वव्यापी रुपमा फैलिरहेको कोभिड-१९ को नयाँ भेरियन्टको संक्रमण ओखलढुङ्गा जिल्लामा पनि बढ्दै गईरहेकोले यसबाट जनस्वास्थ्यमा गम्भिर असर पर्नसक्ने अवस्थालाई मध्यनजर गरी कोभिड-१९ को संक्रमण रोकथाम नियन्त्रणमा थप सर्तकता अपनाई नागरिकको जीवनको सुरक्षा गर्न जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) को मिति २०७८/०१/२५ को निर्णयानुसार मिति २०७८/०१/२६ गतेदेखि लागू गरिएको निषेधाज्ञा अवधि DCCMC को मिति २०७८/०२/३१ को निर्णय, संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी पुनः मिति २०७८/०३/०७ गते सोमबार राती १२:०० बजेसम्म जिल्लाभरी लागू हुनेगरी तपशिलमा उल्लेखित निषेधाज्ञासम्बन्धी थप आदेश जारी गरिएको छ ।

तपशिलः

१. निषेध गरिएका सेवा तथा कार्यहरूः
- अन्य जिल्लाहरूबाट ओखलढुङ्गा जिल्लामा भित्रिने र बाहिरिने सबै यात्रुवाहक सवारी साधनहरू तथा जिल्लाभित्र चल्ने सबै सवारी साधनहरू ।
- जिल्लाभित्रका क्याम्पस र विद्यालयहरू सञ्चालन, पठनपाठन र परिक्षा सञ्चालन गर्न ।
- सबै प्रकारका भेला, प्रशिक्षण, तालिम, गोष्ठी, पुजापाठ, मेला, महोत्सव, जात्रा, पर्व, खेलकुद लगायतका कार्यहरू ।
- साप्ताहिक रूपमा लाग्ने हाटबजारको हकमा जिल्ला प्रशासन कार्यालयको मिति २०७८ बैशाख १९ गतेको सूचनाबमोजिम हुने ।
- सरकारी निकाय र सार्वजनिक संस्थानबाट दैनिक रूपमा प्रवाह गर्ने सबै प्रकारका सेवाहरू ।
- सबै प्रकारका होटेल र रेष्टुरेन्ट, पार्टी प्यालेस, चिया तथा खाजा पसल, हार्डवेयर लगायत व्यवसायहरू।

२. खुला गरिएका सवारी साधन र कार्यहरूः
- एम्बुलेन्स, दमकल, शववाहन, ग्यास र पेट्रोलियम पदार्थ बोकेको सवारी साधनहरू, सुरक्षा निकायका सवारी साधनहरू, स्वास्थ्यकर्मी चढेका सवारी साधनहरू, औषधि तथा स्वास्थ्य सामग्री बोकेका सवारी साधनहरू, झण्डावाहक सवारी साधनहरू, कुटनीतिक नियोगको सवारी साधनहरू, कार्यालयको काममा प्रयोग हुने सरकारी सवारी साधनहरू, आधिकारीक प्रेस पास प्राप्त सवारी साधनहरू र फोहोरमैला व्यवस्थापनमा प्रयोग हुने सवारी साधनहरू।
- जिल्लास्थित बैंक तथा वित्तीय संस्थाहरूले प्रत्येक सार्वजनिक विदाबाहेक प्रत्येक दिन बिहान १० बजे देखि १ बजेसम्म जनस्वास्थ्यका मापदण्ड तथा भौतिक दुरी कायम गरी सेवा प्रवाह गर्ने ।
- खाद्यान्न, तरकारी, फलफुल, दुधजन्य पदार्थ, मासुजन्य पदार्थ, पशुपन्छीको दाना र पानी बोकेको सवारी साधनहरू उद्योग वाणिज्य संघको सिफारिस पत्रको आधारमा ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ओखलढुङ्गा

Website: daookhaldhunga.moha.gov.np
Email : daookhaldhunga@gmail.com

प्र.जि.अ.:- ०३७ - ५२०१३३
स.प्र.जि.अ.:- ०३७ - ५२०१३१
प्रशासन:- ०३७ - ५२०१३२
फ्याक्स:- ०३७ - ५२०१८२
हटलाईन- ०३७ - ५२०७३३

पत्र संख्या. २०७७/०७८
चलानी नं.-

- खाद्यान्न, तरकारी, फलफुल, दुधजन्य पदार्थ, मासुजन्य पदार्थ विक्री वितरण गर्ने पसलहरू बिहान ७:०० बजेदेखि ११:०० बजेसम्म मात्र खुला गर्ने ।
- औषधि तथा स्वास्थ्य सामग्रीहरू विक्री वितरण गर्ने पसलहरू, ग्याँस डिपो र पेट्रोल पम्प चौबीसै घण्टा खुला रहने।
- निर्माण सामग्री र कृषिजन्य सामग्री ढुवानी गर्ने सवारी साधनको हकमा सम्बन्धित कार्यालय वा आयोजना वा स्थानीय तह वा उद्योग वाणिज्य संघको सिफारिस पत्रको आधारमा ढुवानी गर्न सकिने ।

३. **प्रत्येक व्यक्ति, संस्था तथा समुदायले पालना गर्नुपर्ने सर्तहरू:**

- अत्यावश्यक कामबाहेक घरबाहिर ननिस्किने र हिँडडुल नगर्ने । अत्यावश्यक काममा घरबाहिर निस्कदा अनिवार्य रूपमा जनस्वास्थ्य सुरक्षासम्बन्धी मापदण्डको पालना गर्ने ।
- PCR परीक्षणका लागि प्रयोगशालामा स्वाव दिएपछि नतिजा नआएसम्म बाहिर भेटघाट र बैठक नगरी होम आइसोलेशनमा बस्ने।
- घर परिवार र समुदायमा कोभिड-१९ संग मिल्दोजुल्दो लक्षण देखिएका शंकास्पद विरामी भेटिएमा जिल्ला अस्पताल वा नजिकको प्रहरी चौकीमा खबर गर्ने ।
- विवाह र मृत्यु कर्मका लागि स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरी बढीमा १० जनासम्म उपस्थित हुने । यस्तो काममा प्रयोग हुने सवारी साधनलाई पास नचाहिने।

४. अन्य:

- जिल्ला प्रशासन कार्यालय, ओखलढुङ्गाबाट विभिन्न समयमा जारी भएका सूचना तथा आदेशको पालना गर्ने।
- अत्यावश्यक कार्यमा जिल्लाको प्रवेश नाकाहरूबाट यस जिल्ला प्रवेश गर्ने जिल्लाभित्रका नागरिकहरूलाई सम्बन्धित स्थानीय तह तथा वडाको क्वारेन्टिन तथा आइसोलेशनमा राख्ने सुनिश्चिततासहित सिफारिस भएकोमा बाहेक जिल्ला प्रवेश गर्न नदिने ।
- पत्रकारहरूले सूचना तथा प्रसारण विभागले जारी गरेको प्रेस पास वा सम्वन्धित सञ्चार माध्यमको परिचयपत्रको आधारमा समाचार संकलन तथा प्रसारण गर्ने।
- अत्यावश्यक सेवा प्रवाह गर्ने निकायका कर्मचारीहरूलाई कर्मचारी परिचयपत्रका आधारमा आवत-जावत गर्न दिईने ।
- अत्यावश्यक कामका लागि यात्रा गर्नुपर्दा आवश्यक कागजपत्र (जस्तै बिरामीको हकमा: अस्पतालका कागज वा अत्यावश्यक कार्य प्रमाणित हुने कागजपत्र) देखाई प्रहरीसँग समन्वय गरी अनुमतीप्राप्त भएपश्चात मात्र यात्रा गर्ने ।

उल्लेखित आदेशहरूको पालना गर्नु प्रत्येक व्यक्तिको कर्तव्य हुनेछ । आदेशको उल्लंघन गरेमा, कोभिड-१९ संक्रमण व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न वनेको अध्यादेश, २०७८ तथा अन्य प्रचलित कानूनबमोजिम कारवाही गरिनेछ ।